नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :
चलानी नं :

फोन नं. : ०१-४२०००८२, ०१-४२००६००
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
वेवसाईड : www.mowcsc.gov.np

## प्रेस विज्ञप्ति

आज मिति २०८२ फागुन २४ गते आईतबार (तदअनुसार ८ मार्च, २०२६) का दिन ११६औं अन्तर्राष्ट्रिय महिला दिवसको मूल समारोह **"Rights. Justice. Action. For ALL Women and Girls"** भन्ने अन्तर्राष्ट्रिय नारा र **"सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर"** भन्ने राष्ट्रिय नाराका साथ सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौंमा सम्पन्न भयो। उक्त समारोहमा नेपाल सरकारका माननीय मन्त्रीहरु, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरु, राष्ट्रिय सभाका माननीय सदस्यहरु, नेपाल सरकारका मुख्य सचिव र सचिवहरु, सरोकारवाला सरकारी निकाय र नागरिक समाजका प्रतिनिधिहरु, महिला अधिकारकर्मी लगायत सामाजिक अभियन्ताहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

उक्त समारोहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका निमित्त सचिव श्री चक्र बहादुर बुढाले स्वागत मन्तव्य सहित नेपाल सरकारले महिला अधिकार र सशक्तीकरणको क्षेत्रमा गरेका कार्य र उपलब्धिको चर्चा गर्दै महिलाको हक र अधिकारको सुनिश्चितताका लागि सहकार्य गर्न सबै सरोकारवालाहरुलाई मन्त्रालयको तर्फबाट आव्हान गर्नुभयो।

समारोहमा महिला अधिकारकर्मी श्री चाँदनी जोशीले शुभकामना मन्तव्य सहित महिला अधिकारका सम्वन्धमा हालसम्म प्राप्त उपलब्धिको चर्चा गर्दै Gender Justice लाई हाम्रो नीति, संस्था र व्यवहारमा संस्थागत गर्नु आवश्यक रहेको कुरा औंल्याउदै महिलाहरुको ज्ञान, अनुभव र उर्जाको उपयोग मार्फत लैङ्गिक उत्तरदायी समाज निर्माणमा जोड दिनुभयो। त्यसैगरी राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला पराजुलीले नेपालमा विभिन्न कालखण्डमा महिला अधिकारका लागि भएका आन्दोलन र अभियानलाई स्मरण गर्दै महिलाको आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक संयन्त्रमा पहुँच बढ्दै गएको भए तापनि लैङ्गिक समानता कायम गर्न र समतामूलक समाज निर्माणका लागि विद्यमान कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको कुरा औंल्याउनु भयो। समारोहमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले महिला अधिकारका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएको भए पनि सामाजिक विभेद अन्त्य हुन नसकेकोले सामाजिक विभेद र कुरीतिको अन्त्यका लागि चेतना र जागरण वृद्धि गर्नु आवश्यक रहेको बताउनुभयो।

मूल समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीले ११६औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुलाई शुभकामना व्यक्त गर्दै महिला अधिकार, समानता र सम्मानका लागि हालसम्म भएका ऐतिहासिक संघर्षको स्मरण गर्नुभयो। नेपालको संविधानले महिला अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरी समावेशी प्रतिनिधित्व, लैङ्गिक समानता र सामाजिक न्यायलाई राज्य व्यवस्थाको आधारको रुपमा स्थापित गरेको कुरा औंल्याउदै समानता, सशक्तीकरण र सामाजिक न्यायको आधारमा समतामूलक समाज निर्माण गर्नु आजको ऐतिहासिक दायित्व भएको कुरा बताउनुभयो। साथै, लैङ्गिक समानता र सामाजिक न्याय कायम गर्ने दायित्व सरकार सँगसँगै राजनीतिक दलहरु, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत र विकास साझेदारको पनि भएकोले लैङ्गिक समानता, लोकतान्त्रिक मूल्य र सामाजिक न्यायको संस्कृतिलाई अझ सुदृढ बनाउन सबै सरोकारवालाहरुलाई आव्हान गर्दै सम्पूर्ण सहभागीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।

फागुन २४,२०८२

मिलन भट्टराई
सहायक प्रवक्ता/सूचना अधिकारी

Scanned with CamScanner